सार्वजनिक सुनुवाई

Access

English Access Scholarship Program

UNITED STATES EMBASSY

NELTA

परियोजनाको नाम

English Access Scholarship Program

इङ्गलिस एक्सेस स्कलरसिप कार्यक्रम

English Access Scholarship Program

दातृ निकाय

अमेरिकी सरकार विदेश मन्त्रालय/नेपालका लागि अमेरिकी दुतावास

U.S. Department of State/U.S. Embassy

UNITED STATES EMBASSY

Access
English Access Scholarship Program

कार्यान्वयन गर्ने संस्था

नेपाल अंग्रेजी भाषा शिक्षक संघ

Nepal English Language Teachers' Associations (NELTA)



Access
English Access Scholarship Program

- नेपाल अंग्रेजी भाषा शिक्षक संघ गैर सरकारी, गैरनाफामूलक एवं गैर राजनितिक संस्थाको रुपमा १९९२ मा स्थापना भएको हो । यसको केन्द्रिय कार्यालय काठमाण्डौँमा रहेको छ ।

- नेपालका अंग्रेजी क्षेत्रमा शिक्षक तालिम, कार्यशाला, सम्मेलन, जर्नल प्रकाशन र अंग्रेजी शिक्षा सँग सम्बन्धित विभिन्न कार्यहरु यस संस्थाले सञ्चालन गर्दै आएको छ ।

- नेपालको ६१ वटा जिल्लाहरुमा शाखा रहेको यस संस्थाले यो एक्सेस कार्यक्रम सन् २०२४ सम्म नेपालको ३१ जिल्लामा सञ्चालन गरिसकेको छ ।

Access
English Access Scholarship Program

कार्यक्रमको उद्देश्यहरु

- कमजोर आर्थिक अवस्था भएका परिवारका सामुदायिक विद्यालयमा अन्ययनरत १३ देखि १६ बर्षका बालबालिकाहरुलाई अंग्रेजी भाषा सिक्ने अवसर प्रदान गर्ने,
- उनीहरुलाई क्षमता तथा सीप अभिवृद्धिका कृयाकलापहरु मार्फत डिजिटल/कम्प्युटर साक्षरता सिप, व्यक्तित्व विकास, नेपाली तथा अमेरिकी एवं अन्य संस्कृति, इतिहास, विविधता आदि जानकार गराउने र सामुदायिक सेवा तथा सीपको विकास गराउने,
- बिद्यार्थीहरुलाई युवा नेतृत्व तालिम मार्फत् क्षमता विकास गराउने ।

Access
English Access Scholarship Program

बजेट

- ३ करोड आठ लाख २० हजार नेपाली रुपैँया (NPR. 3,08,20,000)
- औषतमा प्रत्येक जिल्ला अनुसार छुट्याउँदा ६१ लख ६४ हजार रुपैँया

Access
English Access Scholarship Program

समयावधि

- समाज कल्याण परिषद्मा प्रस्तावित / स्वीकृत जनवरी २०२५ देखी जुन २६, २०२६ रहेको ।
- करिब १८ महिना कक्षा सञ्चालन गर्ने योजना रहेको,
- मे २०, २०२५ देखी कक्षा सञ्चालन भएकाले हाललाई जुन २६, २०२६ सम्म रहेको

- **तर** ३ महिना समय थप्नका लागि आवश्यक पहल गरिने ।

English Access Scholarship Program

परियोजनाको मूख्य-मूख्य कृयाकलापहरु

- कार्यक्रम अवधिमा हरेक हप्ता विद्यालय समय पछाडी कम्तिमा ५ घन्टाको अंग्रेजी भाषा सम्बन्धी बिषेश कक्षा सञ्चालन (After School Instruction) गर्ने, समग्रमा २४४ घण्टाको कक्षा सञ्चालन गरिने छ ।

- बालबालिकाहरुको क्षमता तथा सीप अभिवृद्धि कृयाकलापहरु (Enhancement Activities) सञ्चालन गर्ने, यस अन्तर्गत डिजिटल/कम्प्युटर साक्षरता सिपहरु, व्यक्तित्व विकास, नेपाली तथा अमेरिकी एवं अन्य संस्कृति, इतिहास, विविधता आदि सिपको विकास र सामुदायिक सेवा आदिका सिपहरुको विकासका कृयाकलापहरु पर्दछन् । समग्रमा, यस्ता कार्यक्रमहरु १०८ घण्टाको सञ्चालन गरिने छ ।

- पहिलो शैक्षिक सत्रको समाप्ति पश्चात वा कार्यक्रम अवधिभित्रै विद्यार्थीहरुलाई ३ दिने युवा नेतृत्व विकास तालिम (Intensive Sessions) मा सम्मिलित गराइने छ । यस अन्तर्गत अंग्रेजी भाषा अध्ययनका साथसाथै उनीहरुलाई व्यक्तित्व बिकास, नेतृत्व क्षमता विकास, भाषिक सीपको विकास, खोज तथा अनुसन्धान सीपको विकास, स्थलगत अवलोकन सीप विकास लगायत अन्य सीप तथा क्षमताहरुको विकास गराइने छ ।

Access
English Access Scholarship Program

अपेक्षीत उपलब्धी

- बिद्यार्थीहरुले अंग्रेजी भाषामा बोल्न, पढ्न, लेख्न र सुनाई सीपको विकास गर्न सक्ने छन् । अंग्रेजी भाषाको प्रयोगमा नै बिद्यार्थीहरु आफना बिचारहरु सजिलै प्रस्तुत गर्न सक्नेछन् ।
- डिजिटल/कम्प्युटर साक्षरता सिपहरु, व्यक्तित्व विकास, नेपाली तथा अमेरिकी एवं अन्य संस्कृति, इतिहास, विविधता आदि सिपको विकास र सामुदायिक सेवा आदिका सिपहरुको विकास हुनेछ जसले गर्दा उनीहरु आफ्नो लक्ष्यउन्मुख हुनुका साथै समाज रुपान्तरण तथा विकासको लागि तयार हुनेछन् ।
- युवा नेतृत्व बिकास तालिममा सहभागि भए पश्चात बिद्यार्थीहरुको ब्यक्तित्व बिकासमा ठूलो टेवा पुग्नेछ, उनीहरुमा आफनो सबल र दुर्वल पक्षको वारेका ज्ञान हुनेछ जस अनुसार आफ्नो उज्वल भविष्यको लागि आफूले के गर्नु पर्छ त्यो गर्ने र आफूले यस एक्सेस कक्षामा सिकेका पाठ तथा सिपहरुलाई सदुपयोग गर्ने तर्फ उत्प्रेरित हुनेछन् ।

Access
English Access Scholarship Program

लाभान्वित विद्यार्थीहरु

- **सामुदायिक विद्यालयका २०० जना विद्यार्थीहरु (१०० जना छात्र र १०० जना छात्रा)**
- **प्रत्येक जिल्लाबाट ४० जना**

प्रदेश	जिल्ला	नगरपालिका	गाँउ / टोल
कोशी	उदयपुर	त्रियुगा नगरपालिका वडा नं. ११	गाईघाट
बागमती	सिन्धुली	कमलामाई नगरपालिका वडा नं. ५	फोस्रेटार
मधेश	सप्तरी	राजविराज नगरपालिका वडा नं. ५	राजविराज
लुम्बीनी	पाल्पा	तानसेन नगरपालिका वडा नं. ३	तानसेन
बागमती	ललितपुर	ललितपुर महानगरपालिका वडा नं. २	सानेपा

Access
English Access Scholarship Program

शिक्षक संख्या

२० जना, प्रत्येक जिल्लामा ४ जना

एकै समयमा २० जना विद्यार्थीहरुलाई २ जना शिक्षकहरुले पढाउने व्यवस्था रहेको छ ।

Access
English Access Scholarship Program

विद्यार्थीले कति शुल्क तिर्न पर्छ ?

शून्य ०

विद्यार्थीहरुलाई टिसर्ट, किताब, कापी, झोला, कक्षा सञ्चालन हुने दिन खाजा र यस कार्यक्रमको लागि लाग्ने खर्च व्यहोरिने छ ।

तर,

विद्यार्थीहरु कक्षा सञ्चालन र कार्यक्रम अन्तर्गतका गतिविधिहरुमा अनिवार्य र नियमित उपस्थित हुन पर्ने छ ।

विद्यार्थी उपस्थिती ७० प्रतिशत भन्दा कम भए कार्यक्रमबाट प्राप्त हुने सर्टिफिकेट प्राप्त गर्न अयोग्य हुनेछन् ।

Access
English Access Scholarship Program

शिक्षक एवं विद्यार्थी छनौट

- शिक्षकका लागि राष्ट्रिय स्तरको पत्रिकामा विज्ञापन गरी लिखित परीक्षा, कक्षा अवलोकन र अन्तवार्तामार्फत ४ जना छनौट गरियो, यसका लागि नेल्टा केन्द्रिय कार्यालय मार्फत आएका विज्ञहरुको सहभागीता थियो र सहजीकरणको भूमिका नेल्टा शाखाले गरेको थियो ।

- विद्यार्थी छनौटका लागि सम्बन्धि क्षेत्रमा रहेको एउटा विद्यालयलाई एक्सेस केन्द्र मानी सोही विद्यालय वरपर रहेका करिब २५ मिनेटमा हिडेर वा आफ्नै व्यवस्थामा आउन जान सक्ने करिब १०० जना भन्दा बढी विद्यार्थीहरुको तथ्याङ्क संकलन गरी तिनलाई लिखित परीक्षा, अन्तवार्ता र अभिभावकलाई समेत बोलाई विद्यार्थी एवं अभिभावकको समेत प्रतिवद्धतालाई ख्यालमा राखेर ४० जना विद्यार्थी छनौट भएका थिए ।

Access
English Access Scholarship Program

यो फेसबुक पेज मार्फत पनि विभिन्न जानकारीहरु लिन सकिन्छ ।

https://www.facebook.com/accessnpl



English Access Scholarship Program, Nepal

5K likes • 5.1K followers

Access
English Access Scholarship Program

जिज्ञासा तथा छलफल

?

Access
English Access Scholarship Program

धन्यवाद ।

English Access Scholarship Program